# ७ (क)

*[संवत् २०५४ सालको पुरस्कार 'जगदम्बा-श्री' प्राप्त गर्ने श्री अम्बर गुरुङको अनुपस्थितिको कारण यो वर्ष पनि 'जगदम्बा-श्री' र 'मदन पुरस्कार' दुई भिन्न समारोहको आयोजना गरी समर्पण गरियो । यसअनुसार संवत् २०५४ सालको 'मदन पुरस्कार' 'विसर्जन' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री लोकेन्द्रबहादुर चन्दलाई समर्पण गर्न संवत् २०५५ साल आश्विन ३१ गतेका दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण । यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १५६ बाट उद्धृत गरिएको हो ।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

बन्धुगण !

आज यो स्वागत गर्न लाग्दा मलाई हर्षविस्मात् एकैचोटि प्रकट गर्नुपरेको छ । हर्ष के भने आज ब्यौला बनेर आउने एक जना देशको सर्वोच्च पदमा पटकपटक आसीन भैसक्नुभएका विभूति पर्नुभयो- यस्ता पुरुषार्थी साहित्यिकलाई 'मदन पुरस्कार'द्वारा सम्मान गर्न पाएकोमा हामी, हाम्रा गुठी गौरवान्वित भएको छ । थप खुसी केमा भएको छ भने आजका अर्का ब्यौला पर्नुभयो एउटै स्वरले 'नौलाखतारा' उभ्याउने अर्को रत्न । उहाँहरू दुवैलाई एकै थलामा अभिनन्दन गर्न पाउँदा हामीहरू गदगद भएका थियौं, तर श्री अम्बर गुरुङ आइपुग्नुभएन । हामीहरू दु:खित छौं । थप नमज्जा के भएको छ भने सधैं शारदीय नवरात्र, नौरथामा हामी तपाईंहरूलाई यस ठाउँमा स्वागत गर्थ्यौं । यसपटक यो समारोह गर्न ढिलो भयो । हाम्रा दुवै जना ब्यौलाहरू यहाँ नहुनुभएर हामीले मन मारेर बस्नुपरेको थियो ।

तर ढिलो भए पनि ऐले आएर हामी निराश हुनु परेन । दुवै जनालाई नभए पनि एक जनालाई ऐले हामीले हाम्रा माझमा पाएका छौं । हामी औधी प्रसन्न छौं ।

सम्माननीय लोकेन्द्रबहादुर चन्दज्यू म तपाईंलाई हार्दिक स्वागत गर्दछु। अरू तपाईंहरू हाम्रा सबै सम्मानित अभ्यागतहरूको पनि म स्वागताभिवादन गर्दछु।

स्वागत-भाषणमा संस्थाको प्रतिवेदन या कार्यविवरण प्रस्तुत गर्नु हुँदैन भन्ने हाम्रो महासचिवज्यूको 'रुलिङ' भएकाले म गुठीको कुनै कुरा भन्दिनँ। सबै कुरा उहाँले नै तपाईंहरूलाई भन्नुहुनेछ। म चाहिँ तपाईंहरूलाई पट्यार लाग्नुभन्दा पहिले नै पन्छन्छु। भन्दाभन्दै पनि, आजको (हाम्रा भाकामा) दीक्षान्त भाषण गरिदिन स्वीकार गरी पाल्नुभएका आदरणीय कविवर माधव घिमिरेज्यूमा विशेष स्वागत निवेदन गर्नु मैले मेरो कर्तव्य ठानेको छु। कविज्यू, तपाईंलाई स्वागत छ।

एकपटक फेरि आजका ब्यौलाहरू लोकेन्द्रबहादुरज्यूमा (र अम्बर गुरुङ्ज्यूमा) न्यानो स्वागत टक्र्याउँदै तपाईंहरू सबैको म पुनः स्वागत गर्दछु। यहाँ उपस्थित तपाईं विद्वान् विदुषीहरूलाई हामीले देशभित्र र बाहिरका नेपाली साहित्यिकहरू सबैको एकमुष्ट प्रतिनिधि ठानेका छौं भन्ने कुरा पनि विनम्रताका साथ निवेदन गर्दछु। हामी तपाईंहरूमा नेपाली साहित्यका विराट् स्वरूपको दर्शन गर्दछौं।

स्वागत छ।

☒ ☒ ☒